## पाठ ३

# मण्डलीहरूले वचन प्रचार गर्छन्

परमेश्वरको वचनको अधिकारलाई ग्रहण गर्ने मण्डलीहरूमा यस वचनलाई महत्त्वपूर्ण स्थान दिइन्छ। यी मण्डलीका पास्टरहरूले विश्वासयोग्यताका साथ मानिसहरूलाई परमेश्वरको वचनको सन्देश प्रचार गर्छन्। तिनीहरूका उपदेशहरू यसका सत्यताहरूले भरिएका हुन्छन्।

अनुभवी प्रचारक र मण्डली स्थापक पावलले प्रचारको काममा विशेष जोड़ दिएका छन्। उनले आफ्ना जवान सहयोगी तिमोथीलाई सन्देश प्रचार गर्नका लागि निर्देशन दिएका छन् (२ तिमोथी ४:२)। प्रचारको काममा कड़ा मेहनत गर्ने धर्मगुरु-हरूका बारेमा पनि उनले लेखेका छन् (१ तिमोथी ५:१७-१८)।

परमेश्वरको वचनको प्रचारको निम्ति त्यहाँ अर्को कुनै विकल्प छैन। यसको सन्देश मण्डलीभित्र विश्वासीहरूलाई र मण्डलीबाहिर अविश्वासीहरूलाई दिइनैपर्छ। सबै मानिसहरूका धारणा र विश्वासहरूलाई यसका शिक्षाहरूद्वारा सुधारिनु र जाँचिनुपर्छ।

प्रचार गरिएको सन्देशको बारेमा तपाईंले यस पाठमा सिक्नुहुनेछ। यो सन्देश किन प्रचार गरिएको छ र यसमा



प्रतिउत्तर दिनेहरूका जीवनमा यसको प्रभावको सम्बन्धमा पनि तपाईंले पत्ता लगाउनुहुनेछ।

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

सन्देशलाई प्रचार गरिनैपर्छ
वचनको प्रचारले विश्वास ल्याउँछ
वचनको प्रचारले विश्वासीहरूलाई बलियो पार्छ

**यस पाठले तपाईंलाई यी विषयहरूमा सहायता पुऱ्याउनेछ. . .**

- कुन सन्देश प्रचार गरिनुपर्छ र यसलाई किन प्रचार गरिनैपर्छ सो व्याख्या गर्न।
- वचनको प्रचारले कसरी विश्वासलाई बलियो पार्छ सो वर्णन गर्न
- तपाईंको आफ्नै आत्मिक जीवनलाई बलियो पार्ने वचनको शक्तिलाई महसूस गर्न।

## सुसन्देशलाई प्रचार गरिनैपर्छ

उद्देश्य १ *हामीले प्रचार गर्ने सन्देशका विशेषताहरूलाई परिचित गर्नुहोस्।*

"एक दिन म पनि हाम्रा पास्टरजस्तै प्रचारक बन्न चाहन्छु," भनी मण्डली सेवा सकिएपछि तिमोथीले मरियमलाई भने।

"किन" भनी मरियमले सोधिन्।

"किनकि मानिसहरूलाई दिनका लागि परमेश्वरले आफ्नो वचनबाट दिनुहुने सन्देश अति नै महान् छ भनी म विचार गर्छु। यसको साथसाथै बाइबलमा तिमोथी नाउँ गरेका व्यक्ति प्रचारक पनि थिए," भनी तिमोथीले जवाफ दिए।

"तपाईं सक्नुहुन्छ!, किनकि हामी सबैले येशूको बारेमा मानिसहरूलाई बताउनैपर्छ भनी कसैले भनेको मैले सुनेको छु" भनी मरियमले उत्साह दिइन्।

प्रचार गर्नु भनेको यस्तो किसिमले सन्देशलाई घोषणा गर्नु हो, जसले सुनुवाइको माग गर्छ। यसको उद्देश्य मुक्तिदाता र प्रभुका रुपमा येशूमा विश्वास (भरोसा) गर्नका लागि मानिसहरूलाई प्रेरणा दिनु हो। प्रेरित पावलले मानिसको आधारभूत आवश्यकता र यस आवश्यकतालाई पूरा गर्ने परमेश्वरको अनुग्रहलाई जोड़ दिएका छन्। यसको अर्थ यही नै थियो कि उनको सन्देशले ख्रीष्टमा विश्वासद्वारा पाइने उद्धारको सुसमाचारलाई घोषणा गरेको थियो।

सन्देशचाहिँ *ख्रीष्ट केन्द्रित* हुनैपर्छ। कोरिन्थमा भएको मण्डलीलाई पावलले लेखेका थिए:

भाइ हो, मैले तिमीहरूलाई प्रचार गरेको सुसमाचार म तिमीहरूलाई याद दिलाउन चाहन्छु, जुन समाचार तिमीहरूले ग्रहण गर्‍यौ, र जसमा तिमीहरू स्थिर रहन्छौ। . . . किनभने मैले जे पाएँ, त्यसैलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्रअनुसार ख्रीष्ट हाम्रा पापका निम्ति मर्नुभयो। उहाँ गाड़िनुभयो, र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो (१ कोरिन्थी १५:१,३,४)।




सन्देशचाहिँ पवित्रशास्त्रको सबै शिक्षा संलग्न भएको र पूर्ण मानिस– शरीर, प्राण र आत्मा–को आवश्यकतालाई पूरा गर्ने *बाइबल केन्द्रित* हुनैपर्छ। यसले मानिसको प्राणको निम्ति उद्धार, उसको शरीर र मनको निम्ति चङ्गाइ र मानिसको आत्मामा आगो जलाउनको निम्ति पवित्र आत्माको बप्तिस्मा उपलब्ध गरिदिन्छ। यसको साथसाथै सुसमाचारले येशूको दोस्रो आगमनको महिमित आनन्दलाई पनि प्रदान गर्छ। कस्तो अचम्मको सन्देश!

यस्तो सन्देशले सुसमाचारमा उल्लेख गरिएको ख्रीष्टको जीवनलाई मात्र संलग्न गर्दैन, तर प्रेरितको पुस्तकको कार्यलाई पनि संलग्न गर्छ। जब हामी बौरिउठ्नुभएका ख्रीष्टको प्रचार गर्छौं, सल्लाहकारलाई पठाउने उहाँको प्रतिज्ञालाई पनि हामी याद

गर्छौं (यूहन्ना १४:१६)। पेन्तिकोसको दिनमा पवित्र आत्मा खन्याइनुहुँदा यो प्रतिज्ञा पूरा भएको थियो। बाइबल-केन्द्रित सन्देशमा पूरै बाइबललाई संलग्न गरिएको हुन्छ।

यो सन्देश प्रचार गर्ने काम केवल पास्टर वा प्रचारकहरूको मात्र होइन। उनीहरूले औपचारिक रूपमा प्रचार गर्ने गर्छन्। लाखौं विश्वासीहरूले अनौपचारिक रूपमा सुसमाचार दिइरहेका हुन्छन्। शुरूको मण्डलीले यसो गरेको थियो। ठूलो सतावटको कारण तितरबितर भएपछि, विश्वासीहरू भागेर सिरियाको एन्टिओखियामा पुगे। त्यहाँ तिनीहरूले अन्यजातिहरू (अयहूदीहरू)-लाई येशू ख्रीष्टको बारेमा सुसमाचार प्रचार गरे। जसको फलस्वरूप, ठूलो संख्याले विश्वास गरी प्रभुमा फर्क्यो। यी साधारण विश्वासीहरूले यहाँ नयाँ मण्डलीको स्थापना गरे, जुनचाहिँ अन्यजातिहरूका बीचमा शुरू भएको पहिलो मण्डली थियो (प्रेरित ११:१९-२१)।

साधारण विश्वासीहरूले प्रचार गरेका वर्तमान समयको उदाहरणलाई हामी पश्चिम अफ्रिकाको आइवरी कोस्ट भन्ने देशबाट लिन सक्छौं। आत्माले भरिएका किसानहरू र शिक्षकहरूले आफूले कामबाट फुर्सद पाएको बेलामा हप्तामा केही दिन सुसमाचार प्रचारको लागि समय दिए। तिनीहरूका अफ्रिकी पास्टरहरूका निर्देशनमा ती समूहहरू विभिन्न ठाउँहरूमा गए। स-साना झुण्डमा विभाजित भई रूखको सितलमा बसी तिनीहरूले विभिन्न परिवारहरूलाई सुसमाचार सुनाए। गाउँका यी मानिसहरूले उनीहरूका जस्तै पेशा भएका मानिसहरूबाट सुसमाचार सुनेपछि मुक्तिदाताका रूपमा येशूलाई ग्रहण गरे। जसको फलस्वरूप धेरै नयाँ मण्डलीहरू स्थापना भए।

मण्डलीहरूले यो सन्देशलाई तिनीहरूका मण्डली घरहरूभित्र मात्र होइन, तर घर-घरमा, बजारमा, पालहरूमा वा ठूला-ठूला

भवनहरूमा आयोजना गरिएका सुसमाचारीय सभाहरूमा, झ्यालखानामा र अस्पतालहरूमा, वृद्धाश्रमहरूमा वा मानसिक विरामीहरूका बीचमा पनि प्रचार गर्छन्। हामीले पानीजहाजभित्र काम गर्ने कामदारहरूका बीचमा, पहाड़ी गाउँहरूमा भएका ढुङ्गाका घरहरूभित्र, भीड़भाड़ भएका गल्लीहरूका पसलहरूमा र आधुनिक शहरहरूका अग्ला-अग्ला घरका तलाहरूमा पनि सुसमाचार प्रचार गरेका छौं।

**तपाईंको अभ्यासको निम्ति**

**१** ख्रीष्टको बारेमा पावलले प्रचार गरेको सन्देशलाई तल दिइएकाहरूमध्ये कुनचाहिँ तीन शब्दहरूले वर्णन गर्छन् (१ कोरिन्थी १५:३-४-अनुसार)?

**क.** जन्मनुभयो

**ख.** क्रूसमा टाँगिनुभयो

**ग.** गाड़िनुभयो

**घ.** पुनरुत्थान हुनुभयो

**ङ.** स्वर्गारोहण हुनुभयो

**२** वाक्यलाई पूरा गर्ने ठीक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्। बाइबल केन्द्रित सन्देश त्यो हो, जुन

**क.** पवित्रशास्त्रको खण्डबाट शुरू हुन्छ।

**ख.** बाइबल कथा वा उखानबाट आएको हुन्छ।

**ग.** मानिसहरूका आवश्यकताहरूमा पवित्रशास्त्रलाई प्रयोग गर्ने खालको हुन्छ।

**३** प्रेरित ८:४-लाई प्रेरित १३:२-५-सँग तुलना गर्नुहोस्। तलको वाक्यलाई पूरा गर्नुहोस्। ..............................

............... र ........................................ ले औपचारिक रूपमा सभाघरमा प्रचार गरे; तितरबितर भएका ............................ उद्धारको सन्देशलाई अनौपचारिक रूपमा प्रचार गर्नका लागि ............................... गए।

४ विश्वासीहरूले कस्तो-कस्तो ठाउँमा सुसमाचार प्रचार गर्नैपर्छ? ..................................................

## वचनको प्रचारले विश्वास ल्याउँछ

उद्देश्य २ *परमेश्वरको वचन र विश्वासको बीचमा भएको सम्बन्धलाई वर्णन गर्नुहोस्।*

कोरिन्थमा मण्डली स्थापना गर्ने पावलको सेवालाई अब हामी विचार गरौं। त्यहाँ "अरू धेरै मानिसहरूले सन्देश सुने, विश्वास गरे र बप्तिस्मा लिए" (प्रेरित १८:८)। पहिलो कुरा, तिनीहरूले परमेश्वरको वचन *सुन्नुपर्ने* थियो। वचनको सुनाइको कारण तिनीहरूका हृदयमा विश्वासको सृजना भएको थियो, र येशू ख्रीष्टमा राखिएको विश्वासद्वारा तिनीहरूले उद्धार पाएका थिए।

> . . . विश्वासको वचन, जो हामी प्रचार गर्दछौं, जो सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ (रोमी १०:८,१७)।

प्रेरित यूहन्नाले आफ्नो सुसमाचार विशेष उद्देश्यले लेखेका थिए कि उनका पाठकहरूले येशू परमेश्वरका पुत्र ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर्न सकुन् र विश्वासद्वारा उहाँको नाउँमा तिनीहरूलाई जीवन प्राप्त होस् (यूहन्ना २०:३१)।




सुसमाचारको सन्देश प्रचार गरिसकेपछि एक जना अफ्रिकीले येशू ख्रीष्टलाई ग्रहण गर्नका लागि आफ्ना श्रोताहरूलाई निमन्त्रणा दिए। धेरै जनाको जीवन परिवर्तन भयो। यद्यपि, एक जनाचाहिँ अति नै निराश देखिए। ती सेवकले दयाका साथ तिनीसँग कुराकानी गरे र यशैया ५३:६-बाट पढ़े, "हामी सबै भेड़ाझैं बरालिएका छौं। हामी हरेक आफ्नै बाटोतिर लागेका छौं।"

"त्यो व्यक्ति त म नै हुँ! मैले डरलाग्दो जीवन जिएको थिएँ। नाश हुनका लागि मात्र म योग्य छु।" भनी ती मानिसले व्यक्त गरे।

"निराश नहुनुहोस्, पदको बाँकी भागलाई पनि सुन्नुहोस्" भनी ती प्रचारकले भने। तब उनले यसरी पढ़े, "अनि परमप्रभुले उसमाथि हाम्रा सबै अधर्म हालिदिनुभयो।" के तपाईंले यसलाई बुझ्नुभयो? परमेश्वरले मुक्तिदाता येशू ख्रीष्टमाथि तपाईंका पापहरूका दण्ड हालिदिनुभयो, जो तपाईंको सट्टामा कलवरीमा मर्नु पनि भयो। के तपाईं यस कुरालाई विश्वास गर्नुहुन्छ?"

"यसले यही नै भन्न खोजेको हो।"

"तब तपाईंका पापहरूको दण्ड कहाँ छ त?" भनी प्रचारकले प्रश्न गरे।

"यो त येशू ख्रीष्टमाथि परेको छ।" यी शब्दहरू भनेर यी मानिसले आफ्नो मुहार उचाले र आनन्दसाथ यी शब्दहरूमा यसरी व्यक्त गरे, "परमेश्वरलाई धन्यवाद होस्, म स्वतन्त्र भएँ। येशूले मेरो दण्ड बोक्नुभयो!"

यस मानिसका निम्ति उद्धार गर्ने विश्वास सुनाइबाट र त्यसपछि परमेश्वरको वचनको विश्वास गराइबाट आयो।

**तपाईंको अभ्यासको निम्ति**

**५** विश्वास र परमेश्वरको वचनको बीचको सम्बन्धलाई तपाईंका आफ्नै शब्दहरूमा वर्णन गर्नुहोस्। ................................
.......................................................................

## वचनको प्रचारले विश्वासीहरूलाई बलियो पार्छ

उद्देश्य ३ *परमेश्वरको वचनले विश्वासीहरूलाई कसरी निर्माण गर्छ, उल्लेख गर्नुहोस्।*

जब येशूले परीक्षाको सामना गर्नुभयो, आफ्नो शत्रुलाई जित्नको निम्ति हतियारको रूपमा उहाँले पवित्रशास्त्रलाई प्रयोग गर्नुभयो। हाम्रो निम्ति पनि विजय प्राप्त गर्नका लागि परमेश्वरको वचनले आत्माले दिनुहुने तरवारको काम गर्छ। उपवास

बसिसक्नुभएपछि हाम्रा प्रभुले सामना गर्नुभएको एउटा परीक्षाको रूपचाहिँ यस्तो थियोः

> "तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने ती ढुङ्गाहरूलाई रोटी होऊन् भनी आज्ञा दिनुहोस्।" तर येशूले जवाफ दिनुभयो, "लेखिएको छ, मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ" (मत्ती ४:३-४)।

यस वचनद्वारा नै येशूले शैतानलाई जित्नुभयो। अनि परमेश्वरको वचन हाम्रो निम्ति कत्ति महत्त्वपूर्ण छ भन्ने कुरा पनि हामीलाई यही बयानमा भनिएको छ– उहाँको वचन हाम्रो दैनिक भोजनभन्दा पनि अझै महत्त्वपूर्ण छ। हामी वृद्धि हुनका लागि र हाम्रो शारीरिक बल प्राप्त गर्नका लागि हामीले खाना खानैपर्छ। हामी आत्मिक रूपमा वृद्धि हुनका लागि र परीक्षामाथि विजयी हुने बल पाउनका लागि हामीले परमेश्वरको वचनको भोजन खानैपर्छ।

भजनसंग्रहका लेखकले यसो भनेका छन्, "तपाईंका वचनहरू मेरो जिब्रोमा अनि स्वादिष्ठ छन्, महभन्दा पनि मेरो मुखमा ती बढ़ी मीठा छन्" (भजनसंग्रह ११९:१०३)। प्रेरित ८:८-ले हामीलाई बताउँछ कि फिलिपले सामरियामा प्रचार गरेपछि "शहरमा ठूलो आनन्द" भएको थियो।

हामी सबै जना नै आनन्दित हुन चाहन्छौं, तर आनन्दले हामीलाई असलको अनुभवभन्दा पनि अझ धेरै दिन्छ। "परमप्रभुले तिमीहरूलाई दिनुहुने आनन्दले नै तिमीहरूलाई बलियो पार्नेछ" (नहेम्याह ८:१०)। हामीले फर्केर यसलाई ध्यानसँग हेर्दा हामी देख्छौं कि उहाँको आनन्दको स्रोतचाहिँ उहाँको वचन नै हो।

उहाँको वचनले नै हामीलाई परमेश्वरको अनुग्रहको सन्देश अर्थात् उहाँको ईश्वरीय प्रेमको सन्देश दिन्छ (एफिसी १:६)।

आफूले एफिससमा तीन वर्ष सेवा गरिसकेपछि पावलले त्यस ठाउँलाई छोड्ने बेलामा, त्यहाँका मानिसहरूले नयाँ समस्याहरूको सामना गर्नुपर्छ भन्ने कुरा उनले थाहा पाएका हुनाले यी वचनहरूद्वारा उनले तिनीहरूलाई सान्त्वना दिएका थिएः

> अब म तपाईंहरूलाई परमेश्वरमा र उहाँको अनुग्रहको वचनमा सुम्पिदिन्छु, जसले तपाईंहरूलाई सुदृढ पार्न सक्छ, र पवित्र पारिएकाहरू सबैका बीचमा उत्तराधिकार दिन सक्छ (प्रेरित २०:३२)।



### तपाईंको अभ्यासको निम्ति

**६** वाक्यलाई पूरा गर्ने प्रत्येक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्। परमेश्वरको वचन आत्मिक भोजन हो, जुन
- **क**. आत्मिक वृद्धिको निम्ति हामीलाई आवश्यक पर्छ।
- **ख**. चाहिँ मीठाइजस्तै स्वादिष्ठ हुन्छ, तर यसको आवश्यकता-चाहिँ पर्दैन।
- **ग**. चाहिँ हामीले अरूहरूसँग बाँड़चूँड़ गर्नैपर्छ।

**७** परमेश्वरको वचनको साथसाथै हामीलाई भोजनको पनि आवश्यकता छ भनी किन येशूले भन्नुभयो? ..................

..............................................................................

**८** परमेश्वरको अनुग्रहको सन्देशले के गर्छ भनी पावलले हामीलाई बताएका छन्? ..........................................

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ ख) क्रूसमा टाँगिनुभयो।
ग) गाड़िनुभयो।
घ) बौरिउठ्नुभयो।

५ परमेश्वरको वचनको सुनाइ र विश्वास गराइबाट विश्वास आउँछ।

२ ग) मानिसहरूका आवश्यकताहरूमा पवित्रशास्त्रलाई प्रयोग गर्ने खालको हुन्छ।

६ क) आत्मिक वृद्धिको लागि हामीलाई आवश्यक पर्छ।
ग) हामीले अरूहरूसँग बाँड़चूँड़ गर्नैपर्छ।

३ पावल, बारनाबास, विश्वासीहरू, जताततै।

४ तपाईंको उत्तर। तपाईंले भ्यालखानाहरू, विश्राम-घरहरू, सामूहिक पार्कहरू, वा तपाईंको आफ्नै आँगनको सूची बनाउनुभएको हुन सक्छ। तपाईंले मौकाहरू खोज्नुहुँदा ती भेट्टाउनुहुन्छ।

८ हामीलाई निर्माण गर्छ र परमेश्वरका आशिष्हरू प्रदान गर्छ।